बैठक संख्या:७

समय: दिउँसो १:०० बजे

मितिः २०८२/११/२७ गते

ने सः ११४६ चिल्लागा ८ बुधवार

आ.व.२०८२/०८३

आज मिति २०८२ साल फाल्गुन महिनाको २७ गते बुधबारका दिन यस बराहताल गाउँपालिकाका अध्यक्ष श्री भिम बहादुर भण्डारीको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति:

| सि नं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर भण्डारी | अध्यक्ष | |
| २ | श्री लक्ष्मी पुन मगर | उपाध्यक्ष | |
| ३ | श्री बमबहादुर बड्वाल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री भिमबहादुर सावद | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री शेरबहादुर पुन मगर | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री वृषबहादुर सिजापती | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री धिमराज जोल्मी मगर | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | श्री नमराज शर्मा | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री कुल बहादुर बुचा | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री केशर बहादुर कार्की | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री युवराज पुलामी मगर | वडा अध्यक्ष, वडा नं ९ | |
| १२ | श्री हरिलाल सलामी | वडा अध्यक्ष, वडा नं.१० | |
| १३ | श्री डिला सारु | कार्यपालिका सदस्य | |
| १४ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री टिका बि.सी. | कार्यपालिका सदस्य | |
| १६ | श्री यज्ञ वि.क. | कार्यपालिका सदस्य | |
| १७ | श्री जगत सुनार | कार्यपालिका सदस्य | अनुपस्थित |
| १८ | श्री तुलसी गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रेम बहादुर डि.सी. (प्र.प्र.अ.) | सदस्य सचिव | |
| | सहयोगी कर्मचारीहरु | | |
| १ | गोविन्द सिजापती | सूचना प्रविधि अधिकृत | |
| २ | राजिमान बुढा | प्रशासकीय अधिकृत | |
| ३ | तुल बहादुर भण्डारी | कार्यालय सहयोगी | |



CamScanner

प्रस्तावहरु।

१. अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा ।
२. प्रदेश समपुरक अनुदान योजना माग गर्ने सम्बन्धमा
३. प्रदेश बिषेश अनुदान योजना माग गर्ने सम्बन्धमा।
४. संस्था सुचिकृत गर्ने सम्बन्धमा ।
५. योजना संशोधन सम्बन्धमा ।
६. कार्यविधि पारित गर्ने समेबन्धमा ।
७. विविध सम्बन्धमा ।

निर्णय नं १ प्रस्ताव नं १ माथी छलफल गर्दा यस गाउँ कार्यपालिकाको यस अघिका बैठकले गरेका निर्णयहरुको समिक्षा तथा गाउँपालिका र वडा कार्यलयबाट हालसम्म भएका काम कारवाहीको समिक्षा गरियो ।अधिकांश निर्णयबमोजिमका काम कारवाही भएको र केही निर्णय बमोजिम बाँकी रहेका काम कारवाही यथाशिघ्र सम्पन्न गर्न गाउँ कार्यपालिकाको कार्यालय वडा कार्यालय र सम्वन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ माथी छलफल गर्दा कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय मिति २०८२।११।०१ गते प्रकाशित सूचना अनुसार यस बराहताल गाउँकार्यपालिकाले आ.व. २०८३।०८४ मा संञ्चालन गर्नका लागि समपुरक अनुदान सम्बन्धि कार्यविधि, २०८१ बमोजिम कर्णाली प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो । साथै यसरी छनौट भै आएमा कार्यविधिको दफा ९ तथा अनुसुचि ३ बमोजिम निर्धारित प्रतिशतमा रकम साझेदारी गर्ने प्रतिवद्धता गर्ने निर्णय गरियो ।

तपसिलः

१) विउरेनी देखी बुटि इखेनी सडक स्तरोन्नतङ्ग वडा नं ६
२) ओदालताल बेलचौर बड्डीचौर सडक बराहताल वडा नं ५ ८ र १०
३) कटुवाल डाँडा देखी वडा कार्यालय सडक निर्माण बराहताल वडा नं ९

निर्णय नं ३ प्रस्ताव नं ३ माथी छलफल गर्दा कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय मिति २०८२।११।०१ गते प्रकाशित सूचना अनुसार यस बराहताल गाउँकार्यपालिकाले आ.व. २०८३।०८४ मा संञ्चालन गर्नका लागि बिषेश अनुदान सम्बन्धि कार्यविधि, २०८१ बमोजिम कर्णाली प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

तपसिलः

१) एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रम
२) हल्देखर्क विद्यालय भवन निर्माण बराहताल १० सुर्खेत
३) चन्द्रिबाँध बत्तिसे बाँध तटबन्धन योजना बराहताल गा पा ४



CamScanner

निर्णय नं ४ प्रस्ताव नं ४ माथी छलफल गर्दा यस गाउँपालिका अन्तरगत वडा नं २ मा रहेको हरिहरपुर स्वास्थ्य चौकीमा सुरक्षित गर्भपतन गर्न आवश्यक जनशक्ति उपलब्ध भएको र अन्य सबै मापदण्ड पुरा गरेकोले उक्त स्वास्थ्य संस्था श्री हरिहरपुर स्वास्थ्य चौकीलाई सुरक्षित गर्भपतन सेवा संचालनका लागि सुचिकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ५ प्रस्ताव नं ५ माथी छलफल गर्दा यस गाउँपालिका अन्तरगत आ.व. २०८२।०८३ का लागि मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत संचालन हुने तपसिल बमोजिमका योजनाहरु संशोधनका लागि कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय वीरेन्द्रनगर सुर्खेतमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

तपसिल

| सि नं | योजनाको साविकको नाम | वडा नं | संशोधन गर्नुपर्ने नाम | कारण |
|---|---|---|---|---|
| १ | व्यवसायिक तरकारी उत्पादनका लागि टनेल निर्माण | ७ | सिमधारा सिचाइ कुलो निर्माण | सामाग्री खरिद र ज्यालामा अनुपात नमिलेको |
| २ | सोतखोला कुलो निर्माण | १० | तल्लो बर्राचौर सिचाई कुलो निर्माण | योजना निर्माण क्षेत्रमा बेरोजगार सुचीमा सुचिकृत उपभोक्ता नभएको |

निर्णय नं ६ प्रस्ताव नं ६ माथि छलफल गर्दा तपसिल बमोजिमका कार्यविधिहरु विच छलफल गरित पारित गर्ने निर्णय गरियो ।

१. युवा रोजगारीको लागि बाँझो जग्गा व्यवस्थापन कार्यानवयन कार्यविधि २०८२



CamScanner